भाग ३

नेपाल सरकार

कृषि, वन तथा पर्यावरण मन्त्रालयको

सूचना

संवत् २०८३ सालको (गठन) आदेश (नेराप) नम्बर १३

कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति (गठन) (चौथो संशोधन) आदेश, २०८३

कालिमाटी फलफूल तथा तरकारी बजार विकास समिति (गठन) आदेश, २०५८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस आदेशको नाम "कालिमाटी फलफूल तथा तरकारी बजार विकास समिति (गठन) (चौथो संशोधन) आदेश, २०८३" रहेको छ।

(२) यो आदेश तुरून्त प्रारम्भ हुनेछ।

२. **कालिमाटी फलफूल तथा तरकारी बजार विकास समिति (गठन), आदेश २०५८ को दफा २ मा संशोधन** : कालिमाटी फलफूल तथा तरकारी बजार विकास समिति (गठन) आदेश, २०५८ (यसपछि "मूल आदेश" भनिएको) को दफा २ को,-

(१) खण्ड (ख) मा रहेको "तरकारी" भन्ने शब्द पछि ", मह, पुष्प" भन्ने शब्दहरू थपिएका छन्।

(२) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ:-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(ग) "बजार" भन्नाले कृषि वस्तु वा समितिले तोकेको कृषि वस्तुसँग सम्बन्धित अन्य वस्तुको खरिद बिक्रीको कारोबार गरिने स्थान सम्झनुपर्छ र सो शब्दले थोकबजार स्थल, सङ्कलन केन्द्र र खुद्राबजारलाई समेत जनाउँछ।"

(३) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छ :-

"(च) "भाडा र सेवा शुल्क" भन्नाले समितिले बजारमा कारोबार स्थल र सेवा सुविधा उपलब्ध गराए बापत समिति र बजारमा व्यवसाय गर्ने व्यवसायी बीचमा भएको सम्झौताबमोजिम समितिलाई बुझाउनुपर्ने भाडा, सेवा शुल्क, महसुल वा त्यस्तो सम्झौता बमोजिमको अन्य जुनसुकै रकम वा शुल्क सम्झनुपर्छ।"

(४) खण्ड (च) पछि देहायका खण्ड (च१) र (च२) थपिएका छन् :-

"(च१) "मन्त्रालय" भन्नाले कृषि विषय हेर्ने मन्त्रालय सम्झनुपर्छ।

(च२) "मन्त्री" भन्नाले कृषि विषय हेर्ने मन्त्री सम्झनुपर्छ।"

३. <u>मूल आदेशको दफा ३ मा संशोधन</u> : मूल आदेशको दफा ३ को,-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका अध्यक्ष तथा सदस्य रहने छन् :-

(क)	कृषि वा कृषि अर्थशास्त्र वा अर्थशास्त्र वा व्यवस्थापन विषयमा स्नातकोत्तर उपाधि हासिल गरेका व्यक्तिहरूमध्येबाट मन्त्रीले तोकेको व्यक्ति	-अध्यक्ष
(ख)	कृषि विभागको कृषि बजारसँग सम्बन्धित केन्द्र वा शाखाको प्रमुख	- सदस्य
(ग)	कालीमाटी बजार रहेको स्थानीय तहको वडाध्यक्ष	- सदस्य
(घ)	फलफूल तथा तरकारी उत्पादक कृषक समूह वा कृषक सङ्घ संस्थाको तर्फबाट छनोट भई आएको एकजना प्रतिनिधि	- सदस्य
(ङ)	समिति मातहत बजारका तरकारी तथा फलफूल व्यवसायी मध्येबाट छनोट भई आएको एकजना प्रतिनिधि	- सदस्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) प्रतिनिधि (कम्तीमा रा.प. द्वितीय श्रेणी), वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभाग - सदस्य

(छ) कार्यकारी निर्देशक सदस्य-सचिव"

(२) उपदफा (२) पछि देहायका उपदफा (२क) र (२ख) थपिएका छन् :-

"(२क) उपदफा (२) को खण्ड (घ) र (ङ) बमोजिम सङ्घ संस्थाले प्रतिनिधि तोकी नपठाएको अवस्थामा मन्त्रालयले सोही खण्डमा उल्लिखित सङ्घ संस्थाको प्रतिनिधित्व गर्ने व्यक्तिहरूमध्येबाट सदस्य तोक्न बाधा पर्ने छैन।

(२ख) समितिले आवश्यकता अनुसार विषय विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।"

(३) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ :-

"(३) उपदफा (२) को खण्ड (क), (घ) र (ङ) बमोजिमको सदस्यको पदावधि दुई वर्षको हुनेछ र निजहरू पुनः मनोनित हुनसक्ने छन्।"

४. **<u>मूल आदेशको दफा ४ मा संशोधन</u>** : मूल आदेशको दफा ४ को,-

(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(क) बजारको भौतिक पूर्वाधारको व्यवस्था, संरक्षण, सञ्चालन तथा सम्भार गर्ने र सुरक्षा व्यवस्था कायम गर्ने गराउने,"

(२) खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छ :-

"(क१) समिति अन्तर्गत शाखा कृषि बजारहरूको स्थापना र सञ्चालन गर्ने, गराउने"

(३) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :-

"(ग) बजारको लागि अत्यावश्यक बिजुली, पानी, सञ्चार, चमेनागृह वा भोजनालय, शौचालय, सरसफाई, सुरक्षा, भण्डारण, पार्किङ् लगायतका सुविधाको प्रबन्ध गर्ने, गराउने,"

(४) खण्ड (झ) मा रहेका "सूचना प्रणालीको स्थापना" भन्ने शब्दहरू पछि ", विकास र विस्तार" भन्ने शब्दहरू थपिएका छन्।

(५) खण्ड (ड) र (त) को सट्टा देहायका खण्ड (ड) र (त) राखिएका छन् :-

"(ड) व्यापारी, कृषक, समितिका कर्मचारी तथा शाखा बजारमा कार्यरत कर्मचारीलाई व्यावसायिक तालिम दिने,

(त) समितिको स्रोतबाट बजार सञ्चालन गर्ने, समितिको उद्देश्य प्राप्तिको लागि अन्य निकायबाट निर्मित संरचनाहरू

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भाडामा लिने वा कृषि बजार सञ्चालनको जिम्मा लिने वा जग्गा तथा भवन खरिद गर्ने,"

(६) खण्ड (ब) पछि देहायका खण्ड (भ) र (म) थपिएका छन् :-

"(भ) अन्य बजारहरूसँग सम्बन्ध विस्तार तथा समन्वय गरी एकीकृत सूचना प्रणालीको व्यवस्था गर्ने, बजार मूल्य श्रृङ्खलामा अनुभवको आदानप्रदान गर्ने र विशेषज्ञ तथा परामर्श सेवा उपलब्ध गराउने, र

(म) मन्त्रालयले दिएको निर्देशन पालन गर्ने, गराउने।"

५. **मूल आदेशको दफा ५ मा संशोधन** : मूल आदेशको दफा ५ को उपदफा (२) मा रहेका "बैठकमा उपस्थित सदस्यले आफूमध्येबाट छानेको सदस्यले" भन्ने शब्दहरूको सट्टा "ज्येष्ठ सदस्यले" भन्ने शब्दहरू राखिएका छन्।

६. **मूल आदेशको दफा ६ मा संशोधन** : मूल आदेशको दफा ६ को उपदफा (१) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :-

"(ग) कृषि बजार स्थलबाट उठेको भाडा र सेवा शुल्क बापतको रकम,"

७. **मूल आदेशको दफा ९ मा संशोधन** : मूल आदेशको दफा ९ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) को राखिएको छ :-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(१) समितिको कार्यकारी प्रमुखको रूपमा काम गर्न नेपाल सरकारले देहाय बमोजिमको योग्यता पुगेको व्यक्तिलाई समितिको कार्यकारी निर्देशक पदमा नियुक्त गर्नेछ :-

(क) कृषि अर्थशास्त्र विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको नेपाल कृषि सेवाको कम्तीमा राजपत्राङ्कित द्वितीय श्रेणीको निजामती कर्मचारी, वा

(ख) कृषि अर्थशास्त्र वा व्यवस्थापन वा अर्थशास्त्र विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको समितिको कार्यालयमा कार्यरत कर्मचारीहरू मध्येबाट वरिष्ठ कर्मचारी।"

८. **मूल आदेशको दफा १७ मा संशोधन** : मूल आदेशको दफा १७ मा रहेका "कृषि तथा सहकारी" भन्ने शब्दहरू झिकिएका छन्।

९. **खारेजी** : मूल आदेशको दफा ८ खारेज गरिएको छ।

आज्ञाले,
डा. राजेन्द्र प्रसाद मिश्र
नेपाल सरकारको सचिव।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।